**२०७९ साल भदौ २६ गते बिहिबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश राजधानी व्यवस्थापनका लागि नेपाल सरकारसँग आवश्यक रकम माग गर्ने,

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** लुम्बिनी प्रदेश राजधानीको पूर्वाधार विकासका लागि विभिन्न दातृनिकायहरु तथा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरुसँग आवश्यक स्रोत व्यवस्थापनका गरिदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने,

३. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः** मन्त्रालय र अतर्गत निकायहरुको आ.व.२०७९/८०को लागि अस्थायी दरवन्दी र संगठन संरचनामा थप, घट तथा संशोधन गर्ने,

४. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः** विपद्जन्य घटनाबाट क्षतिग्रस्त उद्योगलाई सहयोग तथा राहत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने,

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** ग्रामीण सडक संजाल सुधार आयोजना, कार्यान्वयन इकाई संचालनका लागि अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने,

६. **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः** तिला जनयुद्ध संग्रहालय विकास समितिमा देहायका व्यक्तिहरु सदस्यको रुपमा मनोनीत गर्ने ।

i. श्री कृष्णकुमार नेपाली, रोल्पा
ii. श्री लालसरी घर्तीमगर, रोल्पा
iii. श्री मान बहादुर पुन, रोल्पा

७. **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः** चुन्वाङ्ग शान्ति संग्रहालय विकास समितिमा देहायका व्यक्तिहरु सदस्यको रुपमा मनोनीत गर्ने ।

i. श्री टिकाबहादुर उपाध्याय, रुकुम पूर्व
ii. श्री ललिता बुढा, रुकुम पूर्व
iii. श्री टेक बहादुर बुढा, रुकुम पूर्व

८. **शिक्षा तथा खेलकुद मन्त्रालयः** उच्च शिक्षामा मुक्त कमैया, कम्लहरी, मुस्लिम र सीमान्तकृत छात्रवृत्ति विवरण कार्यविधि, २०७९ स्वीकृत गर्ने,

९. **स्वास्थ्य मन्त्रालयः** डा. विष्णु गौतम (एघारौंतह) लाई पाल्पा अस्पताल, तानसेनमा कामकाज खटाउने ।